कविता-

## खाडीको सन्देश

ज्ञानेन्द्रप्रसाद अंगाई

गर्छू काम उराठ यो मरुभुमी, चर्को रवी तापमा ।
छोराकोगरि इन्तेजार घरमा, आमा रुनीन् रातमा ॥
खूशीका दिन आउलान् अलिपछी, आमासँगै भेटिदा ।
प्यारी औं संगि साथ खूब् खुशि हुनन्, मन्का पिडा मेटिदा ॥१

फर्कौं के गरि मै कठै घरभरि, कर्जा छ यै शीरमा ।
बाटो हेरि रुदैं हुनन् ति परिजन्, मेरा उहि पीरमा ॥
चर्को घाम विषे म खेव्दछु यहाँ, गैंति लिई हातमा ।
कोहि छैन यहाँ सुसार गरने, छाति दुखे रातमा ॥२

ठेलाघाउ फेटेर हात बिचमा, बग्छ रगत तर्तर ।
सहन् गर्न कठीन भो हरघरी, रुन्छू यहाँ धर्धर ॥
माथीबाट खसेर मर्दछन् कयौं, मर्छन् गर्मले कती ।
अझै हण्डर झेलनु कसरी यो, खाडी अरव्मा बसी ॥३

कोठै भीत्र पनी मरेर समचार्, पुग्दा हुँदी घर महाँ ।
मूर्छा भै परिवार् विलाप गरलान्, छाडि गयौनी कहाँ ॥
सञ्चैछू अहिले समन् म संगिती, आमा छिमेकीहरु ।
साहूको मुख बन्दहोस् अनि उतै, आएर बस्छू बरु ॥४

नाम्जुङ-२, गोरखा
हाल- नवोदित साहित्यिक मोवाईल पुस्तकालय, कतार